संघीय संसद

राष्ट्रिय सभा

# दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/०८/२४

बैठक संख्या : १०

## निर्णय

आजको बैठकमा नेपाल प्रहरीका प्रहरी महानिरिक्षकबाट देशको समग्र शान्ति, सुरक्षाको अवस्था लगायत निर्मला पन्त बलात्कार तथा हत्या घटनाको छानविन बारे हालसम्मको प्रगति विवरण बारे समिति समक्ष जानकारी गराउनु भयो ।

देशको समग्र शान्ति, सुरक्षाका सम्वन्धमा प्रहरी महानिरीक्षकको उपस्थितीमा समितिमा भएको आजको छलफलका आधारमा नेपाल प्रहरीलाई निर्मला पन्तको बलात्कार पछि भएको हत्याको घटनासँग सम्बन्धित दोषीलाई चाँडोभन्दा चाँडो सार्वजनिक गरी सजायको भागीदार बनाउने र देशमा भईरहेका अन्य हत्या, हिंसा, बलात्कार, चोरी, डकैती लगायतका घटना हुन नदिई समाजमा शान्ति, सुरक्षा कायम गर्न नेपाल प्रहरी सजग, सतर्क र कर्तव्यनिष्ठ बन्न समिति निर्देशन गर्दछ ।

दिगो विकास तथा सुशासन समिति